# शाही नेपाली महावाणिज्यदूतावास हङ्कङ्ग मार्फत नेपाल सरकारलाई दिईएको विरोध-पत्र

नेपालमा प्रजातन्त्र स्थापनाका लागि भईरहेको आन्दोलनको क्रममा हालै शाही सरकारद्वारा राजनीतिक पार्टीका नेताहरु, युवाविद्यार्थी नेताहरु, नागरिक समाजका अगुवाहरु, मानवअधिकारवादीहरु र लोकतन्त्रको पक्षमा लागेका आमनागरिकहरुमाथि गरेको घोर दमन, धरपकड् र शान्तिपूर्ण भेला भई सभा गर्ने अधिकारमाथि प्रतिबन्ध लगाउने कार्यप्रति हाम्रो ध्यान गम्भिर रुपमा आकर्षित भएको छ। यस घट्नाले प्रवासमा रहेका हामी नेपालीहरुलाई अत्यन्त आक्रोशित र चिन्तित तुल्याएको छ।

शाही सरकारद्वारा एकाविहानै राजनीतिक पार्टीका नेताहरुको घरमा विना अनुमति खानतलासी गर्ने, टेलिफोन लाइन विच्छेद गर्ने, घरमै नजरबन्द गर्ने, बिनापुर्जी गिरफ्तार गर्ने जस्ता गतिविधिलाई तिब्र बनाएको छ। सरकारले राजधानी जस्तो संबेदनशील ठाउँमा कर्फ्यु लगाउने र संविधानप्रदत्त शान्तिपूर्ण सभासम्मेलन र जुलुस गर्न पाउने हकमाथि समेत बन्देज लगाउने काम गरेको छ। देशमा विगत केही वर्षदेखि बढ्दै आएको आपसी द्वन्द्वलाई शान्तिपूर्ण रुपमा निरुपण गर्न राजनीतिक दलहरुले संसदको पुनर्स्थापना, अन्तरिम सरकारको गठन, संविधानसभाको निर्वाचनद्वारा देशमा दिर्घकालिन शान्तिको स्थापना गर्ने अत्यन्त उपयुक्त मार्गचित्र प्रस्तुत गर्दा पनि त्यसलाई सुन्नुको सट्टा देशलाई अझ उम्कनै नसक्ने खाडलमा हाल्ने काम शाही सरकारले गर्दै आएको छ। हामी शाही सरकारद्वारा प्रदर्शीत यसखाले गैरजिम्मेवार, निरंकूश, तानाशाही, स्वेच्छाचारी र अराजक कार्यलाई नेपाली जनताको लोकतन्त्रप्रतिको संगठित आवाजलाई सुन्न नसक्ने कायरताको संज्ञा दिन चाहान्छौं र सरकारको यो रवैयाको घोर निन्दा र भर्त्सना गर्दछौं।

शाही सरकारको यो निरंकुश रवैयाले नेपाली जनतासामू पूर्णलोकतन्त्रको स्थापनाको लागि संघर्षको वलिवेदीमा होमिनुवाहेक अरु विकल्प बाँकी नरहेको अवस्था सृजना गरिदिएको छ। हामी हाम्रो शुन्दर देश नेपालमा दिगो शान्तिको स्थापना होस् भन्ने चाहान्छौं र जनताको रगतले लेखिएको संविधानद्वारा प्रदत्त प्रजातान्त्रिक अधिकारमाथि कसैले कुण्ठित गर्ने हिम्मत नगरोस भन्ने चाहान्छौं। हामी देशमा गिरफ्तार गरिएका सम्पूर्ण राजबन्दिहरुलाई तत्काल रिहा गर्न, राजधानीमा लगाईएको निषेधाज्ञा र कर्फ्यु तुरुन्त फिर्ता लिन र जनताको आवाजलाई सम्मान गर्न सरकारसंग जोड्दार माग गर्दछौं।

नेपाली जनताको एकता जिन्दावाद।

प्रजातन्त्र जिन्दावाद।

......................................
(रमेश गुरुङ्ग)
अध्यक्ष, शुदूर पुर्वी प्रवासी नेपाली संघ, हङ्कङ्ग

......................................
(संतोष घले)
अध्यक्ष, नेपाली प्रवासी संघ, हङ्कङ्ग

......................................
(गंगा गौतम)
अध्यक्ष, अखिल हङ्कङ्ग नेपाली एकता समाज

......................................
(चन्द्रकला राई)
अध्यक्ष, नेपाली घरेलु कामदार युनियन, हङ्कङ्ग

मितिः २० जनवरी २००६